नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

नेपाल सरकार
गृह मन्त्रालय

प्रेस विज्ञप्ति

लागू औषध प्रयोगकर्ताहरुको लिङ्ग, उमेर, शिक्षा, वैवाहिक स्थिति, पेशा, लागू औषधको प्रकार, प्राप्तिको श्रोत समेतका तथ्याङ्क अद्यावधिक गर्ने उद्देश्यले नेपाल सरकार गृह मन्त्रालयले केन्द्रीय तथ्याङ्क विभागको प्राविधिक सहयोगमा वि.सं. २०७६ कार्तिक १३ गते देखि २०७६ मंसिर १५ गतेसम्म सञ्चालन गरेको लागू औषध प्रयोगकर्ताहरुको सर्वेक्षण, २०७६ को प्रतिवेदन मिति २०७७ असार २३ गते सार्वजनिक गरिएको छ । श्रीमान् गृह सचिव महेश्वर न्यौपानेको अध्यक्षता र माननीय गृहमन्त्री रामबहादुर थापा 'बादल' को प्रमुख आतिथ्यतामा सम्पन्न उक्त समारोहमा सो प्रतिवेदन सार्वजनिक गरिएको हो ।सो समारोहमा लागू औषध दुरुपयोग रोकथाम तथा नियन्त्रणको क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरु र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

लागू औषध प्रयोगकर्ताहरुको सर्वेक्षण सम्पन्न गर्ने कार्य यस मन्त्रालयको महत्वपूर्ण *माइलस्टोन* भएकोले चालू आर्थिक वर्षका लागि मन्त्रालयले तय गरेको लक्ष्य प्राप्तिमा यो सर्वेक्षण कोसेढुंगा सावित हुने अपेक्षा गरिएको छ ।

नेपालमा कूल लागू औषध प्रयोगकर्ताहरुको संख्या १,३०,४२४ पुगेको तथा वार्षिक औसत वृद्धिदर विगतको ११.३६ प्रतिशतबाट घटेर ५.०६ प्रतिशतमा रहेको सर्वेक्षणले देखाएको छ । प्रयोगकर्ताहरु मध्ये पुरुष १,२१,६९२(९३.३ प्रतिशत) र महिला ८,७३२(६.७ प्रतिशत) रहेका छन् ।प्रयोगकर्ताहरू मध्ये ५१.१ प्रतिशत (५१.९ प्रतिशत पुरुष र ३५.४ प्रतिशत महिला) ले एकान्त स्थानमा लागू औषध प्रयोग गर्ने गरेको देखिन्छ।त्यसैगरी ४० प्रतिशत प्रयोगकर्ताहरु कुनै पनि पेशामा आबद्ध नरहेको तथ्याङ्कले देखाएको छ ।लागू औषध प्रयोगकर्ता महिलाहरुको सबैभन्दा ठूलो अनुपात (७१.७ प्रतिशत) बेरोजगार रहेको देखिन्छ, जुन पुरुष प्रयोगकर्ता (३८.० प्रतिशत) को तुलनामा धेरै रहेको सर्वेक्षणले देखाएको छ ।

लागू औषध प्रयोगकर्ताहरु मध्ये युवाको संख्या धेरै रहेको देखिन्छ । सर्वेक्षण अनुसार अधिकांश लागू औषध प्रयोगकर्ताहरूले बीस वर्ष भन्दा कम उमेरमा नै पहिलोपटक लागू औषधको सेवन शुरु गरेको देखिन्छ । बीस वर्ष भन्दा कम उमेरमा लागू औषध सेवन गर्ने प्रयोगकर्ताहरु मध्ये ८८.० प्रतिशतले गाँजाजन्य, ६३.४ प्रतिशतले अफिमजन्य, ५२.२ प्रतिशतले आनन्ददायी पदार्थ, ९२.३ प्रतिशतले सुँघ्ने पदार्थ, २३.८ प्रतिशतले भ्रमात्मक पदार्थ र ४५.८ प्रतिशतले उत्तेजनात्मक पदार्थ सेवन गरेको देखिन्छ।

सबैभन्दा बढी प्रयोग गरिने लागू औषधमा गाँजाजन्य पदार्थ (८४.७ प्रतिशत) रहेको छ । त्यसपछि क्रमशः आनन्ददायीजन्य (७३.१ प्रतिशत) तथा अफिमजन्य (४६.८ प्रतिशत) रहेको देखिन्छ।

प्रदेशगत रुपमा सबैभन्दा बढी लागू औषध प्रयोगकर्ताहरुको संख्या वाग्मती प्रदेश (३५.६ प्रतिशत) र सबैभन्दा कम कर्णाली प्रदेशमा (१.४ प्रतिशत) रहेको देखिएको छ ।

एक पटक गाँजाजन्य पदार्थ सेवन गर्दा प्रयोगकर्ताले औसत रु.९२ खर्च गर्ने गरेको देखिन्छ भने त्यसपछि क्रमशः सुँघ्नेका लागि रु. १२४, आनन्ददायी पदार्थका लागि रु. ५७४, अफिमजन्य पदार्थका लागि रु. ८६९, उत्तेजनात्मकका लागि रु. १,८९० र भ्रमात्मकजन्यका लागि रु. २,१९५ खर्च गर्ने गरेको देखिन्छ ।

नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

त्यसैगरी, प्रयोगकर्ताहरु मध्ये २९.३ प्रतिशतले सूईको माध्यमद्वारा प्रयोग गर्ने गरेका र ५.० प्रतिशतले एक अर्कामा सुई र सिरिन्ज साटासाट गर्ने गरेको देखिन्छ। ९२.८ प्रतिशत प्रयोगकर्ताहरुलाई सिरिन्ज आदान प्रदान गर्दा एचआईभी/एड्स, हेपाटाइटिस बी/सी जस्ता सरुवा रोगहरु सर्ने जानकारी रहेको देखिन्छ । साथी संगीको दबाबले लागू औषध प्रयोग गर्नेहरुको संख्या ८९.४ प्रतिशत रहेको देखिन्छ भने मनोरञ्जनका लागि लागू औषध प्रयोग गर्नेहरुको संख्या ७२.१ प्रतिशत रहेको देखिन्छ । त्यसै गरी सर्वेक्षणको नतिजा अनुसार ४७.२ प्रतिशत लागू औषध प्रयोगकर्ताहरुले उनीहरुको जीवनस्तरमा सुधार ल्याई लागू औषधको कूलतबाट मुक्त गर्न सरकारले रोजगारीका अवसरहरूमा वृद्धि गर्नुपर्ने र ३६.० प्रतिशतले निःशुल्क उपचार सेवा प्रदान गर्नुपर्ने बताएका छन् । साथै ३९.२ प्रतिशत प्रयोगकर्ताहरुले लागू औषध दुरुपयोग रोकथाम र नियन्त्रणका लागि सीमा नाकामा प्रभावकारी जाँच र निरीक्षण गर्न सरकारलाई सुझाव दिएका छन् ।

वि. सं. २०६३ र २०६९ पछिको यो तेस्रो राष्ट्रिय सर्वेक्षण हो । अघिल्लो सर्वेक्षण पश्चात् लागू औषध दुरुपयोग रोकथाम तथा नियन्त्रणका लागि सरकारले अवलम्बन गरेको रणनीति, कार्यक्रम र क्रियाकलापहरुको प्रभावकारिताले नेपालको लागू औषध दुर्व्यसनको वार्षिक वृद्धिदर उल्लेख्य रुपमा घटेको देखाएको छ।

कार्यक्रममा माननीय गृहमन्त्रीज्यूले लागू औषध दुर्व्यसन लामो समयदेखि मानवीय संस्कृति र अस्तित्व विरुद्ध विश्वव्यापी चुनौतिको रूपमा रहेको बताउनुभयो । उहाँले यस विरुद्ध सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत एवं सरोकारवाला सबैले जिम्मेवारी बोध गरी अगाडि बढ्नुपर्नेमा जोड दिँदै स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण मार्फत् *सुखी नेपाली समृद्ध नेपाल*को राष्ट्रिय आकांक्षा प्राप्तिको दिशामा सहकार्यका लागि आव्हान समेत गर्नुभयो ।कार्यक्रममा गृह सचिवज्यूले दिगो विकास लक्ष्य प्राप्तिका लागि लागू औषध नियन्त्रण सम्बन्धी कार्यक्रमहरूको प्रभावकारिता महत्त्वपूर्ण हुने बताउनुभयो । यस्ता आधिकारिक सर्वेक्षणले तथ्यमा आधारित नीति निर्माणमा सहयोग पुग्ने बताउनुभयो ।

लागू औषध समस्या समाधानका लागि माननीय गृहमन्त्री ज्यूबाट पदवहाली पश्चात् तयार गरिएको गृह प्रशासन सुधार कार्ययोजना अनुरुप सञ्चालित *लागू औषध निषेध र मदिरा नियन्त्रणको राष्ट्रव्यापी अभियान,* नेपाल प्रहरीले सञ्चालन गरेको समुदाय प्रहरी साझेदारी कार्यक्रम, प्रदेश र स्थानीय तहले सञ्चालन गरेको रोकथाममूलक कार्यक्रम, लागू औषध नियन्त्रण व्यूरोले सञ्चालन गरेको कारवाही र बरामदको प्रभावकारीता र सम्वद्ध गैरसरकारी क्षेत्रबाट सञ्चालित उपचार तथा पुनःस्थापना कार्यक्रमको परिणामस्वरुप नै यो अभियानमा सार्थक सफलता प्राप्त भएको विश्वास लिइएको छ ।

सर्वेक्षणको नतिजाबाट प्राप्त सूचनालाई सवै सरोकारवालाहरुले जिम्मेवारी बोध गरी गम्भीर रुपमा लिइ लागु औषध नियन्त्रणको क्षेत्रमा आ-आफ्नो तर्फबाट योगदान गर्न सकेमा पक्कै पनि आगामी दिनमा अझ प्रगति गर्न सकिने अपेक्षा लिइएको छ ।साथै संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले लागू औषध नियन्त्रण सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा गर्दा सर्वेक्षणबाट प्राप्त सान्दर्भिक तथ्याङ्कलाई आधार बनाइ सोही अनुरुप कार्यान्वयन गर्न सकिएमा युवाहरुलाई लागू औषधको कूलतमा फस्नबाट जोगाई उनीहरुलाई उज्ज्वल भविष्य तर्फ डोऱ्याउन महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिने देखिएको छ ।

मितिः २०७७/०३/२३

२०७७/०३/२३
(उमाकान्त अधिकारी)
सह-प्रवक्ता